त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

## सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelor of Mathematical Science विषय चौथो वर्ष सातौं शत्र-२०७८ समूह, तेश्रो वर्ष पाँचौं शत्र -२०७९ समूह, दोश्रो वर्ष तेश्रो शत्र २०८० समूह र प्रथम वर्ष प्रथम शत्र -२०८१ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading Systemअनुसार २०८१ सालमा संचालन हुने चार वर्षे स्नातक तह Bachelor of Mathematical Science विषय **चौथो वर्ष सातौं शत्र-२०७८ समूह, तेश्रो वर्ष पाँचौं शत्र -२०७९ समूह, दोश्रो वर्ष तेश्रो शत्र २०८० समूह र प्रथम वर्ष प्रथम शत्र -२०८१ समूहको नियमित तथा सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक** परीक्षाको परीक्षा आवेदन फाराम २०८१ साल फागुन २५ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित गणित विज्ञान स्कूलले फारामहरु रुजु गरी मिति २०८१ साल फागुन २७ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित गणित विज्ञान स्कूलले ध्यान दिनु पर्ने कुराहरु :**

(क) **कोटा सम्बन्धमा :**

- स्वीकृत कोटाको प्रमाण फाराम साथै पठाउनु पर्ने छ ।
- कोटा भन्दा वढि विद्यार्थीको फाराम नपठाउने ।

(ख) **परीक्षार्थीको हाजिरी आन्तरिक मूल्यांकन र विषयगत संख्या बारे :**

- पहिलो पटक परीक्षा फाराम भर्ने विद्यार्थीले प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रवेश परीक्षाको रोल नं अनिवार्य रुपमा परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
- परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार हुनु पर्नेछ ।
- **आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फारामसंगै अनिवार्य रुपमा संलग्न गरी पठाउनु पर्नेछ । साथै परीक्षा आवेदन फाराममा समेत उल्लेख गर्नु पर्नेछ ।**
- आन्तरिक मूल्यांकन अनुत्तीर्ण विषयको परीक्षा फाराम नभरांउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वतः रद्द हुनेछ ।
- परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या ( Subjectwise-data ) परीक्षा आबेदन फाराम साथ पठाउनु पर्नेछ ।

२.**परीक्षा शुल्क** :

| | |
|---|---|
| क) प्रति शत्र परीक्षा शुल्क पुरा | २,०००।- |
| ख) प्रति शत्र परीक्षा शुल्क आंशिक | २,०००।- |

३. **विलम्व शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. २,०००।-

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित गणित विज्ञान स्कूलले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल वैंक लि.को चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

५. **परीक्षा केन्द्र :पछि तोकिने छ ।**

द्रष्टव्य :

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।
* परीक्षार्थीले आंशिक परीक्षाको परीक्षा आवेदन फाराम भर्दा लब्धांक पत्रको फोटोकपी फारम साथै अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

मिति : २०८१।११।०६

सहायक डीन